नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
(परिवार कल्याण महाशाखा)

फोन नं. ४२६१४३६
४२६२१५५
४२६२२७३
फ्याक्स नं. ४२५६१८१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

पत्र संख्या: ०७५/७६
च.नं.: ६८०

मिति: २०७५।११।०९

**विषय: आमा सुरक्षा कार्यक्रमको वजेट सम्वन्धमा ।**

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका
सवै

उपरोक्त विषयमा चालु आ.व. २०७५/०७६ मा आमा सुरक्षा कार्यक्रममा के कति रकम अपुग हुने हो पुष्ट्रयाई सहित को विवरण पेश गर्न भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. २६० मिति २०७५।११।०७ को पत्र यस महाशाखामा प्राप्त हुन आएको सन्दर्भमा कतिपय स्थानिय तहहरुवाट यस महाशाखामा चालु आ.व.मा ख.सि.नं. २६६१२ को कोड नं. २.१५.२८.८५ मा आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना, यातायात खर्च गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा (4th ANC) निशुल्क गर्भपतन, जिल्ला अस्पताल र सो भन्दा तलका सरकारी स्वास्थ्य संस्थाहरुमा प्रसूति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगा सेट) कार्यक्रमको लागि विनियोजित वजेट कम भएको भनि महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाँउपालिकाहरुवाट यस महाशाखामा थप रकमको लागि अनुरोध भई आएको तर केही महानगरपालिका/नगरपालिका/गाँउपालिकाहरुवाट **आमा सुरक्षा कार्यक्रमको निर्देशिकाको अनुसूचि ६ वमोजिम प्रदान गरेको सेवाको विवरण** उल्लेख भै नआएकोले थप रकमको लागि पुष्ट्रयाई हुन कठीन भएको हुँदा उक्त अनुसारको अनुसूचि ६ वमोजिम महानगरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाँउपालिकाहरुवाट प्रदान भएको सेवाको **एकमुष्ठ विवरण** सहित थप रकम आवश्यक पर्ने भए यथाशिघ्र उल्लेखित शिर्षकमा थप रकम माग गर्नु हुन अनुरोध छ। साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र यसै साथ संलग्न छ।

**परिवार कल्याण महाशाखा, फ्याक्स नं.: ०१ ४२५६१८१**
Email: prakashadhik@gmail.com

वोधार्थ
श्री स्वास्थ्य तथा जनसख्या मन्त्रालय
नीति तथा योजना शाखा, काठमाण्डौ

डा.पुण्या पौडेल
व.क.गाईनोकोलोजिष्ट
परिवार कल्याण महाशाखा

Scanned by CamScanner

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(नीति तथा योजना शाखा)

(०१-४-२६२५४१)

पत्र संख्याः ०७५।७६
च.नं. २६०

मितिः २०७५/११/०७

विषयः आमा सुरक्षा कार्यक्रम सम्बन्धमा ।

श्री स्वास्थ्य सेवा विभाग,
परिवार कल्याण महाशाखा,
टेकु, काठमाडौ ।

प्रस्तुत विषयमा चालु आ.ब. २०७५।७६ का लागि आमा सुरक्षा कार्यक्रममा विनियोजित बजेट कम हुन गई थप निकासा माग गरेको सम्बन्धमा संघ, प्रदेशस्तर र स्थानीय तहमा कति कति रकम अपुग हुने हो पुष्टाई सहित सम्पूर्ण विवरण पेश गर्नु हुन निर्देशानुसार अनुरोध छ।

०७५।११।०७

(सूर्य बहादुर खड्का)
तथ्याकं अधिकृत

Scanned by CamScanner